# स्थानीय राजपत्र

दोर्दी गाउँपालिकाद्वारा प्रकाशित

(खण्ड ६) नौथर, लमजुङ २०७९ साल चैत्र ५ गते (संख्या ०६)


## भाग-२

## दोर्दी गाउँपालिका प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधि २०७९

(गाउँसभाबाट स्वीकृत मितिः २०७९/१२/०३)

**प्रस्तावनाः**

दोर्दी गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारिहरु गाउँपालिकाबाट सञ्चालित योजनाहरुको योजना स्थलमै जानुपर्ने गरी सञ्चालित हुने विकासे योजना तथा कार्यक्रममा हुने प्राविधिक कर्मचारीले प्राप्त गर्ने सुविधालाई व्यवस्थित गर्न बान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी दोर्दी गाउँपालिका/गाउँ सभाले यो "**दोर्दी गाउँपालिका प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधि २०७९**" जारी गरेको छ ।

१. **सम्क्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम "**दोर्दी गाउँपालिका प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधि २०७९**" रहेको छ ।

(ख) यो कार्यविधि गाउँ सभा/गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "योजना" भन्नाले दोर्दो गाउँपालिकाभित्र सञ्चालित योजनाहरु सम्झनु पर्दछ ।

ख) "कार्यालय" भन्नाले दोर्दी गाउँ कार्यापालिकाको कार्यलय सम्झनु पर्दछ ।

ग) "प्राविधिक कर्मचारी" भन्नाले योजना हेर्ने गरी तोकिएको प्राविधिक कर्मचारी सम्झनु पर्दछ ।

घ) "अधिकृतस्तर" भन्नाले राजपत्राङ्कित द्धितीय र तृतीय श्रेणी तथा "सहायकस्तर" भन्नाले राजपत्र अनंकित कर्मचारी सम्झनु पर्दछ ।

ङ) "प्राविधिक शाखा प्रमुख" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत प्राविधिक शाखा प्रमुखको जिम्मेवारी तोकिएको अधिकृत वा सहायक स्तरको कर्मचारी सम्झनु पर्दछ ।

३. **फील्ड भिजिटः** यस दोर्दी गाउँ कार्यापालिकामा कार्यरत अधिकृतस्तर तथा सहायकस्तर र मातहतका ९ वटै वडा कार्यलयमा कार्यरत प्राविधिक कर्मचारीहरु गाउँपालिकाबाट सञ्चालित विकास योजनाहरुको प्रभावकारिताका साथ सञ्चालन तथा सम्पन्न गर्न गराउनको लागि योजनास्थलमै पुगि आ-आफ्नो तोकिएको पदीय कार्य जिम्मेवारी इमान्दरिताका साथ सम्पादन गर्नु पर्नेछ ।

४. **फील्ड सुविधाः** फील्ड भिजिटमा जादा दोर्दी गाउँ कार्यपालिकाको कार्यालयबाट देहाय बमोजिमको फील्ड सुविधा पाईनेछ ।

| | |
|---|---|
| क) प्राविधिक शाखा प्रमुख | खाइपाई आएको तलव स्केलको ४० प्रतिशत |
| ख) अधिकृतस्तर | खाइपाई आएको तलव स्केलको ३० प्रतिशत |
| ग) सहायकस्तर | खाइपाई आएको तलव स्केलको ३० प्रतिशत |
| घ) प्राविधिक कर्मचारी | खाइपाई आएको तलव स्केलको ३० प्रतिशत |

५. **भुक्तानीः** (१) दफा ४ बमोजिमको फील्ड सुविधा प्राप्त गर्न अनुसूची १ बमोजिमको ढाँचामा मासिक रुपमा न्यूनतम १२ दिन फील्ड भ्रमण गरेको मासिक फील्ड भ्रमण फाँटबारी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) दफा ४ बमोजिमको फील्ड सुविधा दोर्दी गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतले मासिक फील्ड भत्ता बजेट शिर्षकबाट उपलब्ध गराउनेछ । तर कार्यविधि स्विकृत हुनुभन्द अगाडीको हकमा यसै कार्यविधि बमोजिम भएका मानिनेछ ।

६. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा भएको व्यवस्था संघीय वा प्रादेशिक कानून संग बाझिएमा बाझिएको हदस्म अमान्य र बदर भई प्रचलित कानून बमोजिम हुनेछ ।

७. **बाधा अडकाउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो बाधा अडकाउ फुकाउने पूर्ण अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकालाई हुनेछ ।

८. **संशोधनः** यस कार्यविधिमा संशोधन गर्ने अधिकार प्रचलित कानूनको अधिनमा हरी गउँ कार्यापालिकालाई हुनेद्ध ।

९. **बचाउः** यो कार्यविधि जारी हुनु अघि भएका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूची १

दफा ५ को उपदफा १ सँग सम्बन्धित

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
दोर्दी गाउँकार्यपालिकाको कार्यालय
नौथर, लमजुङ ।

**बिषयः मासिक फील्ड भ्रमण फाँटबारी ।**

मिति............. साल ................ महिनामा यस गाउँपालिका अन्तरगतका निम्न वडाका योजनाहरुमा निम्नानुसारको फील्ड भ्रमण व्यहोरा अनुरोध छ ।

| क्र.सं. | फील्ड भ्रमण गरिएको वडा नं र ठाउँ | योजनाको नाम | मिति | उद्देश्य | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

पेश गर्नेको
नाम थरः
दर्जाः
हस्ताक्षरः

स्वीकृत गर्नेको
नाम थरः
दर्जाः

**आज्ञाले,**
**शम्सेर गुरुङ**
**प्रमुख प्रशासकीय अधिकृत**